**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले युरोपेली संघ र संयुक्त राज्य अमेरिकासँग भारतको व्यापार सम्झौताले विश्व समुदायमा विश्व स्थिरतातर्फ अघि बढिरहेको बताउनु भएको छ।

- गृहमन्त्री अमित शाहले आज जम्मूमा सीमा सुरक्षाको समीक्षा गर्नु हुनेछ। गृहमन्त्री हिजो राति दुई दिवसीय भ्रमणमा जम्मू पुग्नु भएको छ ।

- प्रधानमंत्री नरेंद्र मोदी आज **परीक्षा पे चर्चा को** नवौ संस्करणमा देशभरीका विद्यार्थिहरुसित बातचीत गर्नुहुनेछ।

- संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले न्यु स्टार्ट परमाणु हतियार नियन्त्रण सन्धि (न्यु स्टार्ट) को अन्त्यप्रति गम्भीर चिन्ता व्यक्त गर्नु भयो ।

- अन्डर-१९ एकदिवसीय क्रिकेट विश्वकप प्रतियोगिताको फाइनल म्याच आज भारत अनि इङ्ल्यान्डबीच जिम्बावेमा हुनेछ।

**<u>प्रधानमन्त्री – धन्यवाद प्रस्ताव</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले युरोपेली संघ र संयुक्त राज्य अमेरिकासँग भारतको व्यापार सम्झौताले विश्व समुदायमा विश्व स्थिरतातर्फ अघि बढिरहेको बताउनु भएको छ। हिजो राज्यसभामा राष्ट्रपतिको सम्बोधनमाथि धन्यवाद प्रस्तावमाथिको बहसको जवाफ दिनु हुँदै प्रधानमन्त्रीले भारत प्रमुख देशहरूसँग अग्रगामी व्यापार सम्झौतामा प्रवेश गरिरहेको बताउनु भयो। उहाँले भन्नु भयो, यी सम्झौताहरूले विश्वव्यापी स्वीकृति प्राप्त गरिरहेका छन् र भारतका युवाहरूका लागि अवसरहरू विस्तार गरिरहेका छन्। प्रधानमन्त्रीले भन्नु भयो, हालै नौ महत्त्वपूर्ण व्यापार सम्झौताहरूमा हस्ताक्षर भएको छ, जसमा युरोपेली संघसँगको सम्झौता पनि समावेश रहेको र यसलाई "सबै सम्झौताहरूको जननी" मानिन्छ। युरोपिय संघ २७ देशहरूको संगठन हो।प्रधानमन्त्रीले भन्नु भयो, युरोपेली संघसँगको सम्झौताले विश्व समुदायमा स्थिरताको बारेमा विश्वास जगाएको छ, र संयुक्त राज्य अमेरिकासँगको सम्झौताले यो प्रगतिलाई तीव्र बनाएको छ। श्री मोदीले दुवै सम्झौताहरू विश्वका लागि सकारात्मक संकेत रहेको र युवाहरूलाई सबैभन्दा बढी फाइदा पुऱ्याउने बताउनु भयो।

BYTE

प्रधानमन्त्रीले भन्नु भयो, कोभिड-१९ पछिको विश्वमा, बढ्दो विश्वव्यापी अस्थिरतासँगै, नयाँ विश्व व्यवस्था उदय भइरहेको छ। उहाँले भन्नु भयो, भारत धैरै देशहरूको विश्वसनीय साझेदार हो र विश्वको कल्याणको लागि निरन्तर काम गरिरहेको छ। श्री मोदीले भारत अन्तर्राष्ट्रिय मञ्चहरूमा विकासशील देशहरूको लागि एक बलियो आवाजको रूपमा उभिएको बताउनु भयो।

**<u>शाह- जम्मु कश्मिर</u>**

गृहमन्त्री अमित शाहले आज जम्मूमा सीमा सुरक्षाको समीक्षा गर्नु हुनेछ। गृहमन्त्री हिजो राति दुई दिवसीय भ्रमणमा जम्मू पुग्नु भएको छ । समग्र कानून व्यवस्थाको अवस्था र जारी विकास परियोजनाहरूको प्रगतिको मूल्याङ्कन गर्न उहाँले सुरक्षा निकायहरू र प्रशासनिक अधिकारीहरूसँग भेट्नुहुनेछ। गृहमन्त्रीले आज कठुआ जिल्लाको हीरानगरमा रहेको अन्तर्राष्ट्रिय

सीमाको भ्रमण गर्नुहुनेछ र सीमापार घुसपैठ रोक्न सीमा सुरक्षा बलले प्रयोग गर्ने उपकरण र आपूर्तिको निरीक्षण गर्नुहुनेछ। श्री शाहले बोबिया र गुरनाममा सीमा सुरक्षा बल चौकीहरूको पनि भ्रमण गर्नुहुनेछ। गृहमन्त्रीले जम्मूको लोक भवनमा शहीद सैनिकहरूका परिवारहरूसँग भेट्नुहुनेछ र नियुक्ति पत्र हस्तान्तरण गर्नुहुनेछ। सुरक्षा समीक्षा बैठकमा जम्मू कश्मीरका उपराज्यपाल मनोज सिन्हा, अर्धसैनिक बल प्रमुखहरू र गुप्तचर अधिकारीहरू पनि उपस्थित हुनेछन्। गृहमन्त्रीले भोलि श्रीनगरमा विभिन्न विकास परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ। यो एक महिना भन्दा कम समयमा जम्मू कश्मीरमा श्री शाहको दोस्रो समीक्षा बैठक हुनेछ। उहाँले जनवरी ८ मा नयाँ दिल्लीमा पनि स्थितिको समीक्षा गर्नु भएको थियो।

**पीएम-परीक्षा पे चर्चा**

प्रधानमंत्री नरेंद्र मोदी आज **परीक्षा पे चर्चा को** नवौ संस्करणमा देशभरीका विद्यार्थिहरुसित बातचीत गर्नुहुनेछ। यो वार्षिक कार्यक्रम आज बिहान 10 बजे विभिन्न प्लेटफार्ममा प्रसारित गरिनेछ। यस वर्षको चर्चाको मुख्य उद्देश्य विद्यार्थिहरुलाई परीक्षाको अवधि तनावमुक्त रहनुमा सहायता गर्नेछ र एकाग्र भएर सिक्नमा प्रोत्साहित गर्दछ।

**इलेक्ट्रोनिकी-मंत्रालय**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि सचिव एस. कृष्णनले भारतको डिजिटल क्रान्ति सुरक्षित, समावेशी र सशक्तिकरण भएको बताउनु भएको छ। हिजो नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा बोल्नु हुँदै उहाँले इन्टरनेट कर्पोरेशन फर असाइन्ड नेम्स एण्ड नम्बर्स (ICANN) को प्रस्तावित बैठकले इन्टरनेट क्षेत्रमा सबै सरोकारवालाहरूलाई संलग्न गराउने सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने बताउनु भयो। यसको उद्देश्य नवीनता, समावेशीता र विश्वासलाई अझ प्रवर्द्धन गर्ने नीतिहरूलाई बढावा दिनु हो।

छ दिवसीय इन्टरनेट सम्मेलन यस वर्ष ७ मार्च देखि १२ मार्चसम्म मुम्बईमा तय गरिएको छ। यो भारतीय राष्ट्रिय इन्टरनेट एक्सचेन्जद्वारा आयोजना गरिएको हो। श्री कृष्णनले विश्वभर पाँच अरब इन्टरनेट प्रयोगकर्ताहरू रहेको र यी प्रयोगकर्ताहरूमध्ये लगभग एक अरब भारतमा रहेको बताउनु भयो।

**रक्षा सचिव - भुज भ्रमण**

रक्षा सचिव राजेश कुमार सिंहले हिजो गुजरातको भुजमा सशस्त्र बलहरूको संयुक्त समन्वय, पूर्वाधार विकास र क्षमता निर्माणसँग सम्बन्धित पहलहरूको समीक्षा गर्नुभयो। उहाँले दक्षिणी कमाण्डका जनरल अफिसर कमान्डिङ-इन-चीफ लेफ्टिनेन्ट जनरल धीरज सेठ र कोणार्क कोरका अन्य वरिष्ठ अधिकारीहरूसँग पनि अन्तरक्रिया गर्नुभयो। श्री सिंहलाई भारतीय सेनाको प्राविधिक रूपमा स्तरोन्नति गर्ने, बहु-डोमेन अपरेशनहरू सक्षम पार्ने र लडाई तयारी गर्ने उद्देश्यले गरिएका पहलहरूको बारेमा जानकारी गराइएको थियो।

रक्षा सचिवले संयुक्त नियन्त्रण केन्द्रको पनि भ्रमण गर्नुभयो, जुन तीन सेवाहरू, भारतीय तटरक्षक, सीमा सुरक्षा बल, र अन्य सुरक्षा एजेन्सीहरूद्वारा संयुक्त रूपमा सञ्चालित छ। उहाँले बहु-एजेन्सी क्षमता अभ्यास "टाटा रक्षा" (टर्की) को पनि अवलोकन गर्नुभयो। यसले उदाउँदो समुद्री र सीमा खतराहरूलाई सम्बोधन गर्न सटीक निगरानी, सटीक प्रहार, संयुक्त रसद र द्रुत प्रतिक्रिया क्षमताहरू प्रदर्शन गऱ्यो। श्री सिंहले सीमा क्षेत्रमा राष्ट्रिय गौरव र एकताको प्रतीक स्मारक झण्डाको उद्घाटन गर्नुभयो। उहाँले नयाँ पुस्ताको हतियार प्रणालीहरूको व्यापक सञ्चालनको पनि अवलोकन गर्नु भयो।

**संयुक्त राष्ट्र-अमेरिका-रूस परमाणु नियंत्रण संधि**

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले न्यु स्टार्ट परमाणु हतियार नियन्त्रण सन्धि (न्यु स्टार्ट) को अन्त्यप्रति गम्भीर चिन्ता व्यक्त गर्नु भयो । संयुक्त राष्ट्रसंघका प्रमुखले एक विज्ञप्ति जारी गर्दै रुस र अमेरिकालाई वार्तामा फर्कन र रणनीतिक आणविक हतियारको प्रमाणित सीमा पुनर्स्थापना गर्न र विश्वव्यापी जोखिम कम गर्न नयाँ ढाँचामा सहमत हुन आग्रह गर्नुभएको छ। उनले सन्धिको अन्त्य अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाका लागि एक महत्वपूर्ण समय भएको बताउनुभयो, किनकि विश्वले अहिले दुई ठूला आणविक शक्तिहरूको रणनीतिक आणविक शस्त्रागारमा कुनै बाध्यकारी सीमा बिना अवस्थाको सामना गरिरहेको छ। गुटेरेसले भन्नुभयो, 'आधा शताब्दीभन्दा बढी समयदेखि दुई देशबीच परमाणु हतियार नियन्त्रण सम्झौताले विनाश

रोक्न, स्थिरता सिर्जना गर्न र आणविक हतियारको संख्या हजारौंले घटाउन मद्दत गरेको छ। संयुक्त राष्ट्रसंघका प्रमुखले भन्नुभयो दशकौंदेखिको प्रगतिको विघटन यस्तो समयमा भइरहेको छ जब आणविक हतियारको प्रयोगको जोखिम दशकौंमा सबैभन्दा उच्च छ।

**शाह-मेघालय**

केन्द्रीय गृहमन्त्री अमित शाहले भन्नुभयो, मेघालयको पूर्वी जयन्तिया हिल्स जिल्लामा कोइला खानी विस्फोट भएको स्थानमा उद्धार कार्यका लागि **राष्ट्रीय आपदा मोचन बल-** (एनडीआरएफ)को दुई टोली प्रस्थान गरेका छन्। शाहले सामाजिक सञ्जालमा पोस्ट गर्दै भन्नुभयो, 'एनडीआरएफको एक टोली पहिलेनै  घटनास्थलमा पुगेको छ। उहाले मेघालयका मुख्यमन्त्री कोनराड संगमासँग पनि कुरा गर्नुभयो र उनलाई केन्द्रबाट हरसम्भव सहयोगको आश्वासन दिनुभयो।

**क्रिकेट**

अन्डर-१९ एकदिवसीय क्रिकेट विश्वकप प्रतियोगिताको फाइनल म्याच  भारत अनि इङ्ल्यान्डबीच जिम्बावेमा हुनेछ। म्याच भारतीय समय अनुसार दिउँसो १:०० बजे सुरु हुनेछ। सेमिफाइनलमा भारतले अफगानिस्तानलाई पराजित गरेको थियो भने  इङ्ल्यान्ड डिफेन्डिङ च्याम्पियन अष्ट्रेलियालाई हराउँदै फाइनलमा पुगेको थियो। भारतीय टोली यस प्रतियोगितामा अहिलेसम्म अपराजित छ। भारतले पाँच पटक प्रतियोगिता जितेको छ।